
'ि' मात्रा (अ–अः/क–ज्ञ)

# कर्माको पिर्का



## राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# कर्माको पिर्का


| | | |
|---|---|---|
| लेखक | : | जनार्दन बराल |
| चित्र | : | समित श्रेष्ठ |
| प्रकाशक | : | नेपाल सरकार<br>शिक्षा मन्त्रालय<br>**पाठ्यक्रम विकास केन्द्र**<br>सानोठिमी, भक्तपुर |



© प्रकाशकमा



संस्करण : २०७४




रुम टु रिडले विकसित गरेको यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।

बिर्खले कर्माको पिर्का लियो ।




कमलले पिर्का फिर्ता मागी ।



बिर्ख झकों फकों गर्छ ।

पिर्का फिर्ता गर्दैन ।




बिर्ख खुर्र बार्दलीमा गयो ।




बिर्ख, फूर्ती नगर।
पिर्का फिर्ता गर।



कर्मा, घुर्की नलाऊ ।
पिर्का फिर्ता गर्दिनँ ।




लाऊ बिर्ख बर्फी खाऊ ।
पिर्का फिर्ता देऊ ।




लौ पिर्का फिर्ता ।

हुर्रे, क्या मिठो बर्फी ।



मुख्य शब्दहरू :

| | | | |
|---|---|---|---|
| पिर्का | फिर्ता | खुर्र | बार्दली |
| फूर्ति | घुर्की | हुर्रे | बर्फी |



# कर्माको पिर्का

अक्षर चिनेर सही र स्वतस्फूर्त रूपमा उच्चारण गर्न बालबालिकालाई सहयोग गर्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू अरूको सहयोगविना सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्री नेपाली वर्णमालाका वर्ण तथा मात्राहरूलाई क्रमिक रूपमा सहज ढङ्गले चिनाउन उपयोगी हुने छ र यसले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन :

१. सम्बन्धित मात्राको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेको बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरै जसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गारो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गारो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।